# परिवारहरूका लागि COVID-19 सम्बन्धी जानकारी: बिमारीपछि बाल स्याहार वा स्कुल बाहिरको स्याहार कार्यक्रममा फर्कने

VERMONT DEPARTMENT OF HEALTH

अक्टोबर 2020

यो मार्गदर्शन जनस्वास्थ्यकर्मी तथा स्वास्थ्यकर्मीहरूले प्रमाणित जनस्वास्थ्य सिद्धान्तहरू प्रयोग गरी विकास गर्नुभएको हो। यो मार्गदर्शन तयार पार्दा भर्मोन्टमा COVID-19 को बिमारी फैलाउने भाइरसको सामुदायिक सङ्क्रमण अत्यधिक कम थियो। यसलाई स्थानीय तथा राज्यका परिवर्तन भइरहेका परिस्थितिअनुसार संशोधन गर्न सकिने छ।

### मेरो बच्चा घरमा हुँदा लक्षणहरू देखिएमा वा बाल स्याहार वा कुनै स्कुल बाहिरको बाल स्याहार कार्यक्रममा रहँदा बिरामी भएमा के गर्ने ?

- यदि तपाईंको बच्चामा तल सूचीबद्ध लक्षणहरूमध्ये कुनै पनि लक्षण देखिएमा उनलाई स्कूल नपठएर घरमै राख्नुहोस् र कार्यक्रम निर्देशक वा परिवार बाल स्याहार प्रदायकलाई कल गरी उनी अनुपस्थित रहने जानकारी गराउनुहोस्।
- यदि बाल स्याहार वा स्कूल बाहिरको बाल स्याहार कार्यक्रममा हुँदा तपाईंको बच्चामा तल सूचीबद्ध लक्षणहरूमध्ये कुनै पनि लक्षण देखिएमा उनलाई विशेष गरी विसञ्चो महसुस गरिरहेका बालबालिकाका लागि व्यवस्था गरिएको भिन्न क्षेत्रमा लगिनेछ र तपाईंलाई फोन गरेर जतिसक्दो चाँडो आफ्नो बच्चालाई लिएर जान बोलाइने छ।
- बच्चा स्याहार कार्यक्रममा फर्कन मिल्ने-नमिल्ने निर्णय बच्चाको स्वास्थ्यसेवा प्रदायक र परिवारले मिलेर लिन प्रोत्साहित गरिने भएता पनि त्यस्ता निर्णयहरूले अनिवार्य रूपमा तपाईंको बच्चाको समुदायको स्वास्थ्य र सुरक्षालाई सुनिश्चित गर्नु पर्ने हुन्छ।

### मेरो बच्चालाई COVID-19 परीक्षण कहिले आवश्यक पर्छ ?

| | |
|---|---|
| खोकी लाग्ने (नयाँ)<br>सास फुल्ने वा सास फेर्न गाह्रो हुने<br>स्वाद थाहा नपाउने (नयाँ)<br>गन्ध थाहा नपाउने (नयाँ)<br>24 घण्टाभन्दा बढी समयसम्म ज्वरो मात्र आइरहने (100.4° भन्दा बढी तापक्रम) | यदि तपाईंको बच्चामा यी लक्षणहरूमध्ये कुनै पनि लक्षण देखिएमा उनले सम्भवतः COVID-19 परीक्षण गराउन आवश्यक हुन्छ।<br>• आफ्नो बच्चाको स्वास्थ्य सेवा प्रदायकलाई परीक्षण गराउने बारेमा चिकित्सकीय परामर्श र सम्भावित कार्यालय जाँच वा रेफरलको लागि फोन गर्नुहोस्।<br>• आफ्नो बच्चाको कार्यक्रम निर्देशक वा परिवारको बाल स्याहार प्रदायकसँग योजनाका बारेमा कुराकानी गर्नुहोस्। |
| ज्वरो आउने (100.4° भन्दा बढी तापक्रम)<br>काम्ने<br>मांसपेशी वा शरीर दुख्ने<br>टाउको दुख्ने<br>घाँटी दुख्ने<br>थकान<br>नाक बन्द हुने वा नाकबाट सिँगान बग्ने(नयाँ)<br>वाकवाकी लाग्ने वा बान्ता हुने<br>पखाला लाग्ने | यदि तपाईंको बच्चामा यी लक्षणहरूमध्ये दुई वा सोभन्दा बढी लक्षणहरू देखिएमा उनले COVID-19 परीक्षण गराउन आवश्यक पर्न सक्ने छ।<br>• चिकित्सकीय सल्लाह प्राप्त गर्न र अब के गर्ने भन्ने बारेमा सम्भावित कार्यालय जाँच निर्धारण गर्नका लागि आफ्नो बच्चाको स्वास्थ्य सेवा प्रदायकलाई फोन गर्नुहोस्।<br>• आफ्नो बच्चाको कार्यक्रम निर्देशक वा परिवारको बाल स्याहार प्रदायकसँग योजनाका बारेमा कुराकानी गर्नुहोस्।<br>यदि तपाईंको बच्चामा यी लक्षणहरूमध्ये कुनै एक मात्र लक्षण देखिएमा आफ्नो बच्चालाई निम्न अवस्थासम्म घरमै राख्नुहोस्:<br>• तपाईंको बच्चालाई ज्वरो घटाउने औषधि प्रयोग नगरिकन कम्तीमा पनि 24 घण्टासम्म ज्वरो आएको छैन।<br>• तपाईंको बच्चाले कम्तीमा पनि 24 घण्टादेखि आराम महसुस गरेका छन् (लक्षणहरूमा सुधार आएको छ वा लक्षण हराएका छन्)। |

# परिवारहरूका लागि COVID-19 सम्बन्धी जानकारी: बिमारीपछि बाल स्याहार वा स्कुल बाहिरको स्याहार कार्यक्रममा फर्कने

VERMONT
DEPARTMENT OF HEALTH

अक्टोबर 2020

### मेरो बच्चा कहिले बाल स्याहार वा स्कुल बाहिरको स्याहार कार्यक्रममा फर्कन सक्छन् ?

आफ्नो बच्चालाई बाल स्याहार वा स्कुल बाहिरको स्याहार कार्यक्रममा पुन: प्रवेश गराउनका लागि तपाईंसँग चिकित्सकले हस्ताक्षर गर्नुभएको कागजात आवश्यक पर्दैन।

- तपाईंको बच्चामा COVID-19 को परीक्षण गराइएको थियो भने:
    - उनीहरूले परीक्षणको नतिजा प्राप्त नगर्दासम्म आफूलाई अनिवार्य रूपमा क्वारेन्टाइनमा राख्नुपर्छ।
    - यदि परिक्षणको नतिजा नेगेटिभ आयो भने, उनीहरू निम्न कुराहरू भएपछि बाल स्याहार वा स्कुल बाहिरको स्याहार कार्यक्रममा फर्कन सक्ने छन्:
        - तपाईंको बच्चालाई ज्वरो घटाउने औषधि प्रयोग नगरीकन 24 घण्टासम्म ज्वरो आएको छैन। र
        - तपाईंको बच्चालाई आराम महसुस हुन्छ र लक्षणहरूमा सुधार भइरहेको छ।
    - यदि परिक्षणको नतिजा पोजिटिभ आयो भने, उनीहरू निम्न कुराहरू भएपछि बाल स्याहार वा स्कुल बाहिरको स्याहार कार्यक्रममा फर्कन सक्ने छन्:
        - ज्वरो कम गर्ने औषधिको प्रयोगविना नै ज्वरो नआएको 24 घण्टा भएको छ र
        - अन्य लक्षणहरूमा सुधार आएको छ, र
        - पहिलोपटक लक्षण देखा परेको दिनदेखि कम्तीमा पनि 10 दिन बितिसकेको छ।

- यदि तपाईंको बच्चामा माथिको पहेंलो बाकसमा दिइएकामध्ये एउटा मात्र लक्षण देखिएकोले COVID-19 परीक्षण गराइएको थिएन भने निम्न अवस्थामा उनी बाल स्याहार वा स्कुलभन्दा बाहिरको स्याहार कार्यक्रममा फर्कन सक्छन्:
    - तपाईंको बच्चालाई ज्वरो घटाउने औषधि प्रयोग नगरिकन 24 घण्टासम्म ज्वरो आएको छैन र
    - तपाईंको बच्चाले कम्तीमा 24 घण्टासम्म आराम महसुस गरेका छन् (लक्षणमा सुधार आएको छ वा लक्षण हराएको छ)।

- यदि तपाईंको बच्चामा रातो बाकसमा भएको कुनै पनि लक्षण देखियो वा पहेंलो बाकसमा भएका दुई वा सोभन्दा बढी लक्षणहरू देखियो तर स्वास्थ्यकर्मीले उनको जाँच गरेका थिएनन् र उनको COVID-19 को परीक्षण गराइएको थिएन भने निम्न अवस्थामा उनी स्कुल फर्कन सक्छन्:
    - ज्वरो कम गर्ने औषधिको प्रयोगविना नै ज्वरो नआएको 24 घण्टा भएको छ, **र**
    - अन्य लक्षणहरूमा सुधार भएको छ, **र**
    - पहिलोपटक लक्षण देखा परेको दिनदेखि कम्तीमा पनि 10 दिन बितिसकेको छ।

यो कागजपत्र रोड आइल्यान्ड स्वास्थ्य विभागको अनुमति लिएर रुपान्तरित गरिएको थियो

बाल रोगीहरूमा COVID-19 (प्रि-K - ग्रेड 12) गाम्भीर्यता निर्धारण, मूल्याङ्कन, परीक्षण र स्कुल फर्कनेसम्बन्धी जानकारी

मजबुत र स्वस्थ सुरुवात: भर्मोन्ट स्कुलहरूका लागि सुरक्षा तथा स्वास्थ्य मार्गदर्शन

VERMONT
DEPARTMENT OF HEALTH

# COVID-19 Information for Families: Return to Child Care or an Out of School Care Program Following Illness

**October 2020**

This guidance was developed by public health and health care professionals using proven public health principles at a time when community transmission of the virus that causes COVID-19 illness in Vermont is extremely low. It may be revised in response to changing local and state circumstances.

### What happens if my child has symptoms at home or gets sick in a child care or an out of school care program?

- If your child has any of the symptoms listed below, keep them home and call the program director or family child care provider to report their absence.
- If your child has any of the symptoms listed below while at child care or an out of school care program, they will be moved to an area set up specifically for children not feeling well and you will be called to come pick up your child as soon as possible.
- While it is strongly encouraged that decisions about when a child may return to care are made with the child's health care provider and the family, such decisions must ultimately ensure the health and safety of your child's community.

### When does my child need a COVID-19 test?

| | |
|---|---|
| Cough (new) | If your child has **ANY ONE** of these symptoms, they likely **need a COVID-19 test.**<br>• Call your child's healthcare provider for medical advice and possible office visit or referral to be tested.<br>• Communicate the plan with your child's program director or family child care provider. |
| Shortness of breath or difficulty breathing | |
| Loss of taste (new) | |
| Loss of smell (new) | |
| Fever alone that persists > 24 hours (temperature higher than 100.4°) | |
| Fever (temperature higher than 100.4°) | If your child has **TWO OR MORE** of these symptoms, they **MIGHT need a COVID-19 test**.<br>• Call your child's healthcare provider for medical advice and possible office visit to determine what to do next.<br>• Communicate the plan with your child's program director or family child care provider.<br>If your child has **ONLY ONE** of these symptoms, keep your child at home until:<br>• They have had no fever for at least 24 hours without the use of fever-reducing medicine.<br>• They have felt better for at least 24 hours (symptoms are improved or gone). |
| Chills | |
| Muscle or body aches | |
| Headache | |
| Sore throat | |
| Fatigue | |
| Congestion or runny nose (new) | |
| Nausea or vomiting | |
| Diarrhea | |

# COVID-19 Information for Families: Return to Child Care or an Out of School Care Program Following Illness

VERMONT DEPARTMENT OF HEALTH

October 2020

### When can my child go back to child care or an out of school care program?

You ***do not*** need a signed doctor's note for your child to re-enter child care or an out of school care program.

- If your child **had a COVID-19 test:**
  - They must quarantine until they have received results of the test.
  - If the test results are **NEGATIVE**, they can go back to child care or an out of school care program after:
    - Your child has had no fever for 24 hours without taking fever-reducing medicine. **AND**
    - Your child feels better, **and** their symptoms are improving.
  - If the test results are **POSITIVE**, they can go back to child care or an out of school care program after:
    - It has been 24 hours of no fever without the use of fever-reducing medication, **AND**
    - Other symptoms have improved, **AND**
    - At least 10 days have passed since any symptoms appeared.
- If your child **did not** have a COVID-19 test because they only had one of the symptoms in the yellow box above, they can go back to child care or an out of school care program when:
  - Your child has had no fever for 24 hours without the use of fever-reducing medicine **AND**
  - Your child has felt better for at least 24 hours (symptoms are improved or gone).
- If your child had any symptom in the red box or two or more symptoms in the yellow box but was not seen by their health care professional and did not have a COVID-19 test, they can go back to child care or an out of school care program after:
  - It has been 24 hours of no fever without the use of fever-reducing medication, AND
  - Other symptoms have improved, AND
  - At least 10 days have passed since any symptoms appeared.

This document was adapted with permission from the Rhode Island Department of Health

COVID-19 in Pediatric Patients (Pre-K – Grade 12) Triage, Evaluation, Testing and Return to School

A Strong and Healthy Start: Safety and Health Guidance for Vermont Schools